# बाह्रदशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चकचकी, झापा
## १ नं. प्रदेश नेपाल

प.सं. ०७५/७६ मितिः-२०७५/०७/२०
च.नं.

**विषय :- ल्याब असिष्टेन्ट सेवा करारमा लिने सम्बन्धि सूचना ।**

सूचना प्रकाशित मिति २०७५।०७।२० गते

बाह्रदशी गाउँपालिका स्वास्थ्य शाखाको लागि तोकिएको स्थानमा रही काम गर्ने गरी ल्या.अ.पदको रुपमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिनहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। यसको फारम, दरखास्त दस्तुर, कार्य विवरण, पारिश्रमिक र सेवाका शर्तहरु सहितको विस्तृत विवरण फर्मेट कार्यालयबाट उपलब्ध हुनेछ।

तपसिल

१) पद र संख्या : ल्या.अ. (करार) र संख्या : २ (दुई)

२) कार्यस्थल : स्वास्थ्य चौकी राजगढ र चकचकी ।

३) पारिश्रमिक : रकम रु. १०,०००।– अक्षरेपी दश हजार मात्र।

४) समयावधि : ६ महिनाको लागि

५) शैक्षिक योग्यता :

- नेपाली नागरिक हुनुपर्ने
- नेपाल सरकारबाट मान्यता प्राप्त तालिम केन्द्रबाट ल्याब असिष्टेन्ट कोर्ष उतीर्णभएको हुनुपर्ने।
- अनुभवको हकमा ल्याब असिष्टेन्ट कोर्ष उतीर्ण गरी सम्बन्धित कार्यमा कम्तीमा २ वर्ष कार्य अनुभव भएको हुनु पर्नेछ।
- १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ।
- नेपाल स्वास्थ्य व्यावसायिक परिषद्मा दर्ता तथा नवीकरण भएको प्रमाणपत्र (म्याद ननाघेको) हुनु पर्नेछ ।
- अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको हुनु पर्नेछ।

६) दरखास्त बुझाउने अन्तिम मिति : यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन (२०७५।०८।०४) गते कार्यालय समय भित्र दरखास्त पेश गर्नु पर्नेछ । उक्त दिन सार्वजनिक विदा पर्न गएमा सोको भोली पल्ट कार्यालय समयसम्म उपर्युक्त दरखास्त फारम बुझाउनु पर्नेछ।

७) दरखास्तमा संलग्न गर्नु पर्ने आवश्यक कागजातहरु :

- उम्मेद्वारको व्यक्तिगत विवरण ,
- नेपाली नागरिकताको प्रतिलिपी ,
- शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी ,
- यस अघि कामको अनुभव भए सो सम्बन्धि कागजातको प्रतिलिपी ,
- नेपाल स्वास्थ्य व्यावसायिक परिषद्/काउन्सिलमा दर्ता तथा नवीकरणको प्रमाणित प्रतिलिपी ,
- पेश गरिने सबै प्रतिलिपीको पछाडी उम्मेद्ववारले स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ,
- दरखास्त फारम वापत रु.५००।– को रसिद पेश गर्नु पर्नेछ,

८) परीक्षाको किसिमः प्रयोगात्मक र अन्तरवार्ता,

तुलसी कुमार नेपाल
प्रमुख प्रशासकीय अधिकृत